परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १२ ❑ अंक २० २०८० पुस ८ गते आईतवार Sunday 24, DEC 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

## संघिय लोकतन्त्रिक गणतन्त्र माथि कुनै आँच आउन नदिने : राष्ट्रपति पौडेल

विराटनगर । संघिय गणतन्त्र नेपालका सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेले संघिय लोकतान्त्रिक गणतन्त्रलाई कुनै किसिमको आच आउन नदिने वताएका छन् ।

नेपाल उद्योग परिसंघ कोशी प्रदेशको आयोजनामा सम्माननीय राष्ट्रपतिको अभिनन्दन, उद्योगी व्यवसायीहरुको भेला र उद्योगी तथा प्रजातन्त्रका सेनानीहरुको सम्मान तथा सीआईएन कोशी प्रदेशका पदाधिकारीहरुको पदस्थापन कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथी राष्ट्रपति पौडेलले सो कुरा वताएको हो ।

सोही अवसरमा संविधानले दिएको भूमिका निष्ठापूर्वक निर्वाह गर्ने राष्ट्रपति पौडेलले प्रतिवद्धता व्यक्त गर्दै नेपालका औद्योगीक क्षेत्रलाई विकास गर्नका लागि तत्पर रहेको बताए । कोशी प्रदेश नेपालको औद्योगिक क्षेत्रको धरोहर भएकाले नेपालको अर्थतन्त्रको विकासमा यहाँका उधोगी व्यवसायीहरुले महत्वपूर्ण भूमिका खेलेको वहाँको भनाई थियो ।



सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल सम्बोधन गर्दै

कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङले राष्ट्रपति पौडेललाई सम्मान गर्नुहुँदै स्थानीय उत्पादनको उपभोगमा जोड दिदै नेपालका उद्योगहरु सञ्चालन गर्न कुनै पनि कठिनाई ब्यहर्नु नपर्ने वताए । देशलाई कृषि क्षेत्रमा अगाडी बढाउन अहिलेको आवश्यकता रहेको वताए ।

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले राष्ट्रपति रामचन्द्र पौडेललाई प्रदेश सरकारलाई काम गर्न दिन संविधानको कार्यान्वयनका लागि चासो राखी दिन आग्रह गर्दै नेपाल उद्योग परिसंघ कोशीले शनिबार आयोजना गरेको कार्यक्रममा उपस्थित राष्ट्रपति सामु मुख्यमन्त्री कार्कीले यस्तो आग्रह गरेको थियो ।

केन्द्र सरकारले प्रदेश सरकारलाई अधिकार नदिए संसद र सरकारबाट अधिकार प्राप्तिका लागि समन्वय र संघर्ष गर्ने उहाँ चेतावनी दिएका थिए । उद्योगी व्यवसायीलाई छुट्टै रूपमा हेर्ने प्रवृतिमा परिवर्तन ल्याए मात्रै उद्योगी व्यवसायीको संरक्षण, अर्थतन्त्रमा योगदान र देश समृद्ध हुने भन्दै उद्योगी व्यवसायी छुट्टै नभई राज्यको नै अंग भएको वताए ।

नेपाल उद्योग परिसंघका उपाध्यक्ष तथा कोशी प्रदेशका पूर्व अध्यक्ष भीम घिमिरेले कोशी प्रदेशका उद्योगीहरु आर्थिक मन्दी, विद्युतको लोडसेडिङ, बैंकको चर्को ब्याजको चपेटामा रहेको बताउँदै सरकारले उद्योगीहरुले खेप्दै आएको विद्युत लोडसेडिङ हटाउन, बैंकको ब्याजदर घटाएर न्युनतम ब्याजदरमा ऋण उपलब्ध गराउन उहाँले राष्ट्रपति पौडेललाई आग्रह गरेका थिए ।

नेपाली कांग्रेसका नेता एवं पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदारले धर्म संस्कृति संरक्षणका लागि राष्ट्रपति पौडेललाई आग्रह गरेको थिए ।

विराटनगरको जहदा रोड स्थित सिटी प्यालेस होटल एण्ड रिसोर्टमा कोशी प्रदेशका

वांकी अन्तिम पेजमा...

## १६ वटा मोटरसाईकल चोरीको आरोपमा दुई पक्राउ

विराटनगर । विराटनगरको विभिन्न भिडभाड भएको स्थानवाट १६ बटा मोटर साईकल चारीमा संलग्न रहको आरोपमा २ जना पक्राउ परेका छन् ।

बिगत केही समय देखि मोरङ जिल्लाको बिराटनगर महानगर क्षेत्रबाट लगातार मोटर साईकलहरू चोरी भएको खवर प्राप्त भई अनुसन्धान गर्ने क्रममा नोवेल अस्पताल, विराट टिचिङ अस्पताल, कोशी अस्पताल, सेन्ट्रल मल र पुरानो गुद्री लगायतका बढि भिडभाड हुने स्थानहरूबाट हराएका १६ वटा मोटर साईकलहरूको चोरीमा संलग्न रहेको आरोपमा २ जना पक्राउ गरिएको हो ।

पक्राउ पर्नेमा सुनसरी जिल्ला भोक्राहा नरसिंह-२ बस्ने वर्ष २१ को निकाइल अन्सारी र सुनसरी जिल्ला हरिनगरा-६ बस्ने वर्ष ३९ को नजाम अन्सारी रहेका छन् ।

उनीहरुले नोवेल अस्पतालबाट साईन मोटरसाईकल २ वटा, सुपरस्प्लेण्डर मोटरसारईकल २ वटा र अपाची मोटरसाईकल १ वटा, सेन्ट्रल मलबाट साईन मोटरसाईकल १ वटा, सुरपस्प्लेण्डर मोटरसाईकल २ वटा र पल्सर मोटरसाईकल १ वटा, कोशी अस्पतालबाट सुपरस्प्लेण्डर मोटरसाईकल १ वटा, गुद्रीबाट सुपरस्प्लेण्डर मोटरसाईकल १ वटा, मालपोत कार्यालयबाट सुपरस्प्लेण्डर मोटरसाईकल १ वटा, नापी कार्यालयबाट साईन मोटरसाईकल १ वटा र विराट टिचिङ अस्पतालबाट सुपरस्प्लेण्डर मोटरसाईकल १ वटा गरी १४ वटा मोटरसाईकल चोरी गरेका छन् ।

मोटर साईकल चोरीमा संलग्नहरुलाई खोजतलास गर्ने क्रममा निकाइल अन्सारी र नजाम अन्सारीलाई अवैध लागु औषध (खैरो हिरोईन) जस्तो देखिने पदार्थ १.०३ ग्राम सहित पक्राउ गरी अनुसन्धान भईरहेको छ ।

मोरङ जिल्ला अदालतबाट पक्राउ परेका दुई मध्ये नजाम अन्सारीलाई लागू औषध र चोरी कसूरमा दिन ५ (पाँच) र निकाईल अन्सारीलाई चोरी र कसूरमा दिन ५ (पाँच) म्याद थप गरी अनुसन्धान कार्य भई रहेको छ ।

नजाम अन्सारीको साथबाट

वांकी अन्तिम पेजमा...

## विराटनगरलाई विशेष आर्थिक क्षेत्र बनाउने प्रतिवद्धता

विराटनगर । मोरंग व्यापार संघ ट्रेड एक्स्पोको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्धघाटन गर्दै विराटनगरलाई विशेष आर्थक क्षेत्र बनाउने प्रतिवद्धता जनाएका छन् ।

मुलुकको वर्तमान अर्थतन्त्रका अधिकांस औपचारिक सुचाकंकहरु सकारात्मक बन्दै गएको भएपनि हालको अर्थतन्त्र दवाव मुक्त नभएको वताउँदै महँगी कम हुँदै गएको, नयाँ योजनाहरु अगाडी वढेको र निर्माण व्यवसायीहरुको भुक्तानी प्रक्रिया अगाडी बढिसकेको प्रधानमन्त्री दाहालको भनाई छ ।

रेमिट्यान्सको भरमा मुलुक चल्नु राम्रो नभएपनि वर्तमान अवस्थमा अति नै महत्वपूर्ण रहेको वताउँदै बैंकको ब्याजदर घट्दै गएको, ऋण प्रवाह बढेको, पर्यटन क्षेत्रमा सुधार आएको र स्थायी तरलताको सुविधा घटाईएको कारण अर्थतन्त्र लयमा फर्किएको दावी गरेको छ । विराटनगर कटहरी कार्गो रेल संचालनको विषयमा भारतबाट आउने उच्च नेतृत्वसँग छलफल गर्ने समेत बताए ।

कांग्रेस नेता डा. शेखर कोईरालाले विराटनगर प्रजातान्त्रिक आन्दोलनमा अग्रणी भूमिका खेले पनि कसैसँग केही नमागी अगाडि बढ्दा राज्यले ध्यान नदिएको भन्दै पञ्चायती कालमा विराटनगरलाई हेला गरे पनि उद्योगी व्यवसायिले बचाएको भन्दै अहिले पनि उनीहरूको विश्वास लिनुपर्ने बताए । कोईरालाले रिङ रोडलाई बहुवर्षेमा राखेर अगाडि बढाउनु पर्ने, विमानस्थललाई अन्तरास्ट्रिय स्तरको बनाउनु पर्नेमा जोड दिएका थिए ।

त्यसैगरी महोत्सव उद्घाटन कार्यक्रममा विराट नगर महानगर प्रमुख नागेश कोईरालाले पछिल्लो समय विराटनगर पछि परिरहेको वताउँदै विराटनगरमा औद्योगिक प्रदर्शनी स्थल बनाउनु आवश्यक भएको

वांकी अन्तिम पेजमा...



परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## १६ वटा...

राजकुमार मण्डलको नाममा रहेको को २४ प ३६७५ नम्बरको हिरो सुपरस्प्लेण्डर मोटर साईकलको ब्लु बुक समेत बरामद भएकोले उक्त मोटर साईकलको धनी र उल्लेखित स्थानहरूबाट मोटरसाईकल हराउने व्यक्तिहरूले आफ्नो मोटर साईकलको ब्लु बुक सहित जिल्ला प्रहरी कार्यालय मोरङको अपराध अनुसन्धान शाखामा आई सम्पर्क गर्नु हुन समेत अनुरोध गरिएको छ ।

## संघिय...

नवनिर्वाचित अध्यक्ष पवन सारडालाई पदहस्तान्तरण गरिएको छ । यस अघि नेपाल उद्योग परिसंघ कोशी प्रदेशका अध्यक्षमा घिमिरे रहेको थियो ।

राष्ट्रपति पौडेललाई परिसंघले अभिनन्दन समेत गरेको थियो । २१ जना प्रजातन्त्र सेनानीहरूको र सञ्चारकर्मी सहित २८ जनालाई कदरपत्र तथा दोसल्ला ओढाएर राष्टपति पौडेलले सम्मान गरेका थिए ।

राष्ट्रपतिको स्वागत गर्न सुरक्षाकर्मी, उद्योगीहरु, विभिन्न राजनीतिक दलका नेताहरु र समाजसेवीहरुको विराटनगर विमानस्थलदेखि कार्यक्रम स्थलसम्म बाक्लो उपस्थिति रहेको थियो ।

## विराटनगर...

बताए । विराटनगर जुट मिलको संरक्षण अभाव भएको, विराट नगर रिङ रोड बन्न नसकेको, मालबहाक रेल संचालनमा नआएको, विराटनगर क्षेत्रीय विमानस्थललाई अन्तरास्ट्रिय विमानस्थत बनाउनु पर्ने, क्षेत्रीय उडानहरू विराटनगरबाटै गर्नुपर्ने लगायतका माग गरेका थिए ।

विराटनगर-२ शंकरपुरमा लागेको एक्स्पोमा कृषिजन्य उत्पादन, पर्यटन, हस्तकला, अटोमोबाइल र औद्योगिक प्रदर्शनी राखिएको छ । एक्सपोमा जर्मन प्रविधिमा निर्मित हेंगरमा २४० वटा स्टल रहेको छ ।

एक्स्पो आयोजना गर्न करिब ४ करोड खर्च लागेको छ । पुस ६ गते देखि १६ गते अर्थात १० दिनमा १५ करोड भन्दा बढीको कारोबार हुने अनुमान गरिएको छ । एक्स्पोलाई ५ लाखभन्दा बढी सर्वसाधारणले अवलोकन गर्ने आयोजकको अपेक्षा छ । प्रदेशका कृषि उत्पादन, अन्तर प्रादेशिक व्यापार संभावना र सेवालाई अन्तर्राष्ट्रिय बजारसम्म विस्तार गर्ने एक्स्पोको लक्ष्य छ ।

## फरार प्रतिवादी पक्राउ

बिराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको रिट समुहबाट खटिएको प्रहरी टोलीले बैंङ्किङ कसुर (चेक बाउन्स) मुद्धाका एक जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

बैंङ्किङ कसुर (चेक बाउन्स) मुद्धामा सम्मानित उच्च अदालत बिराटनगरको मिति २०७९ फागुन २ गतेको फैसला अनुसार ३ दिन कैद र नगद १ लाख ५० पचास हजार रुपैया जरिवाना बेरुजु रही फरार रहेका इटहरी उप-महानगरपालिका- ५ सुनसरीकी ३४ बर्षीया सन्जु बस्नेतलाई खोजतलास गर्ने क्रममा गाँउघरमा नै लुकिछिपी बसेको अबस्थामा फेला पक्राउ गरेको थियो ।

पक्राउ परेका उनीलाई सम्मानित अदालतमा उपस्थित गराइएकोमा तोकिएको कैद भुक्तानको लागि जिल्ला कारागार मोरङ पठाएको छ ।

# दश वर्षपछि दलित लेख्ने अवस्थाको अन्त्य हुन्छ : मुख्यमन्त्री कार्की

विराटनगर । कोशी प्रदेशमा दश वर्षपछि दलित लेख्ने अवस्था अन्त्य हुने कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले बताएका छन् ।

रिडेफ नेपालले बिहीबार आयोजना गरेको प्रदेशको नीति तथा योजनामा दलित सरोकार विषयक अन्तरक्रियामा उनले विभेद रहित समाज निर्माणका लागि चालू आर्थिक वर्षबाट प्रदेश सरकारले सुरू गरेको मानवीय विकास अभियानले कोशी प्रदेशमा १० वर्षपछि दलित लेख्ने अवस्था नरहने बताएका हुन् ।

प्रदेशमा १० वर्ष मुनिका बालबालिकाको निःशुल्क उपचार, प्रत्येक पालिकाका दुई जना विपन्नलाई कृषि र पशु प्राविधिक शिक्षा लगायतका मानवीय विकासको काम सुरू भइसकेका भन्दै बजेटमा अधिकार खोज्ने भन्दा समानता र विभेद रहित समाज निर्माणमा जानुपर्ने बेला आइसकेको मुख्यमन्त्री कार्कीले वताए

कार्कीले रैतिबाट नागरिक बनाउने क्रममा समावेशी अभियान सुरू भएर अहिले राज्यका हरेक अंगमा समावेशी बनाइयो तर अब समानताको विषयले १० वर्षपछि दलित भन्न नपाइने अवस्था बनाउन सबैको सहयोग अपरिहार्य रहेको बताए ।

कांग्रेस नेता मिनबहादुर बिश्वकर्माको घरमा सबै वर्ग, जात, धर्मका मान्छे जान्छन् र खान्छन् त्यसैले अब उहाँ दलित अभियान कर्ता भए पनि उहाँ दलित होइन, उनले भने, जातधनसँग जोडिएको छ । समाजमा गरीव भएपछि विभेद सुरू हुन्छ । यहाँका मानिसहरूको जात, धर्म, गोत्र, बंश, पितृ, व्यवहार, संस्कार र संस्कृति सामान रहेकाले हामी सबै एकै जातका हौं ।

अब दलित र गैर दलित नभनौं, हामी सबै समानताको व्यवहार गरौं र त्यसमा राज्यले प्रमाणीकरण गरिदिने विषय भएको उनले बताएका छन् । सम्पति, शिक्षा र स्वास्थ्यबाट मात्रै समाजमा समानताका लागि सबैको पुनर्वहाली हुन्छ, मुख्यमन्त्रीकार्कीले भने, १० वर्षपछि दलितन लेख्न शिक्षा, स्वास्थ्य र सम्पतिमा समानताकायम गर्नुपर्छ । अब बजेटमा दलित नलेखौं त्यसमा टाठाबाटले मात्रै हालिमु हाली गर्छ र झन विभेद बढ्दै जाने उनको भनाइ छ ।

प्रदेश सरकारले विभेद रहित समाजको अभियानलाई गति दिइ सक्यो, उनले भने, ब्राह्मण समाजमा नै सबभन्दा बढी विभेद छ किनकी जैशीले छोएको ब्राह्मणले खाँदैन । एउटा थरको कथित दलितले अर्को थरका दलितले छोएको नखाने हाम्रो समाज छ ।

परम्परागत सीपलाई प्राविधिक शिक्षाको रूपमा ब्राण्डिङ्ग गर्न नसकेकाले पनि नेपाली समाज पछि परेको मुख्यमन्त्रीकार्कीले बताए । प्राविधिकशिक्षामा ब्यूटिसियन, तालिमले मात्रै हुन्छ ? खुकुरी, चुलेसी, दौउरा सुरूवाल बनाउने सीप प्राविधिक शिक्षामा नराख्ने ? जसले कडा परिश्रम गर्नेलाई भाषा र व्यवहारले कमजोर बनाएकाले नै हामी पछि पर्यौं । उनले हामी कहाँ श्रमको सम्मान नभएकाले नै पछि परेको तर पनि समाजमा श्रमको आधारमा विभेद कायम नै रहेको बताए ।

सरकारको हतियार कानून, नियम हो । कानून कसैलाई कब्जामा राख्न होइन समाज सुधार र व्यवस्थित बनाउने आचार संहिता हो, उनले भने, सहजीकरण गर्न मात्रै कानून हो, डर देखाउन र त्रसित बनाउने होइन । दलितको लागि भनेर सधैं दलित बनाइ राख्न कानून बनाउनु उपयुक्त नभएकाले समानता र विभेद अन्त्यका लागि बनाउँछु ।

कोशीमा ४ जनाप्रदेश सांसद, १ हजार २१९ जना पालिकामा वडा सदस्य र वडा अध्यक्ष १० र अध्यक्ष १ जना निर्वाचित भएको संख्या बढाउन सबैको योगदान आवश्यक भएको मुख्यमन्त्री कार्कीले बताए ।


## यात्रालाई सुरक्षित बनाऔं

- सवारी चढ्दा ओर्लदा अरूलाई नधकेलौं, लाइनमा बसेर चढ्ने र ओलनि गरौं,
- सवारीसाधनबाट शरिरका अंग बाहिर ननिकालौं,
- चालकलाई तिब्र गतिमा सवारी चलाउन नउक्साऔं,
- सवारीसाधनमा सभ्य व्यवहार देखाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- चालकलाई सवारी संचालनमा कुने प्रकारको अवरोध गगरौं,
- मादक पदार्थ सेवन गरेका चालकलाई सवारीसाधन चलाउन नदिऔं ।

सुरक्षित होऔं, सुरक्षित यात्रा गरौं, सकुशल गन्तव्यमा पुगौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं ।
- ❒ सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।

## पानीजन्य रोग र सरसफाइको कमजोरअवस्थाबाट बच्न निम्न क्रियाकलाप अवलम्बन गर्न हार्दिक अनुरोध गर्दछौं ।

- सुरक्षित पानी विऊ यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि : उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऊ ।
- चर्पीको नियमित प्रयोग गरौ, गराऔं र चर्मी नियमित सफा राखौं ।
- ताजा, सफा र राम्ररी पकाएरका खानेकुरा खाऔं ।
- दिसा गएपछि, बच्चाको दिसा घोएपछि खाना पकाउनु खानु अगाडि र खाना खाएपछि फोहोर छोएपछि साबुन पानीले हात धौऔं एवं धुन लगाऔं ।
- खोक्दा, हाछ्यू गर्दा कुहिनाले वा टिस्यु पेपरले नाक, मुख छोपौं, आवश्यक रुपमा नाक मुख, आँखा वा अनुहारलार्य हातले नछौऔ ।
- कुहिने तथा नकुहिने फोहोरलाई बर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं । घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं । खाने पानीका स्रोत पोखरी, ताल, तलैया, नदी, समुदायिक वातावरण सफा राखौं ।

खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
विराटनगर, मोरंग, कोशी प्रदेश


परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# एक्स्पोबाट उद्योगी उत्साही

मुलुकको आर्थिक मेरुदण्डीय उद्योग/व्यवसायको हक, हित, संरक्षण एवं यस क्षेत्रको आर्थिक गतिविधिको विकास एवं प्रवर्द्धनका लागि निरन्तर प्रयासरत रहँदै आएको एक्स्पोले मुलुकको विद्यमान आर्थिक सिथिलतालाई चलायमान बनाउने उद्देश्यले विगत वर्ष झै यस पटक पनि अन्तर्राष्ट्रिय स्तरीयको एक्सपो मोरंग व्यापार संघले पोष ६ प्रधानमन्त्री पुष्पकमल दाहालबाट समुद्घाटन गरी शुरु गरका छन् । १० दिन सम्म लाग्ने एक्स्पोवाट स्थानीय देखि अन्तराष्ट्रिय स्तर सम्मका उद्योगी व्यवसाहीहरु उत्साही भएका छन् ।

एक्सपोमा यस पटकको मेलामा ३० हजार वर्ग फिटको नेपालकै सबै भन्दा ठूलो जर्मन प्रविधिका हैगरमा निर्मित करिब २४० स्टलहरू राखेका छन् । महोत्सवलाई अकर्षक बनाउन पशुपतिनाथ र स्वयंभु प्यागोडा आकृतिको २५ फिट अग्लो मुख्य प्रवेशद्वार र ५५ फिट अग्लो आई. फिल. टावरको आकृति निर्माण गरिएको एक्स्पोमा नेपाल, भारत वंगलादेश, पाकिस्तान लगायतका देशहरुबाट प्रदर्शकहरूको उपस्थिति रहेको छ प्रदेशका महत्व झल्किने कला-संस्कृति, पर्यटन, शिक्षा, स्वास्थ्य, कृषिजन्य तथा औद्योगिक उत्पादनहरूको प्रदर्शनीबाट मुलुकमा देखिएको आर्थिक मन्दी चलायमान हुने विश्वास लिएको छ ।

मेलामा दर्शकहरुलाई मनोखजन प्रदान गर्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारहरूबाट साँस्कृतिक कार्यक्रम र विभिन्न मनोरञ्जनात्मक सामाग्रीहरू, सेल्फी जोन, किड्स जोन आदि राख्नुका साथै मुख्य आकर्षणको रूपमा नेपाली कलाकृतिमा आधारित प्रवेशद्वार गरिएको छ । मेलामा स्वदेश र छिमेकी मुलुकबाट करिब चार लाख दर्शकको आगमन हुने आयोजकले विश्वास लिएको छ । एक्स्पोलाई सफल बनाउन कोशी प्रदेश वासीले अवलोकन गरी उद्योगीको उत्साहलाई थप उर्जा प्रदान आवश्यक छ ।

# साप्ताहिक राशिफल

**मेष** (**चु,चे,चो,ला,लि,लु,ले,लो,अ**) : **दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष** (**इ,उ,ए,ओ,वा,वि,वु,वे,वो**) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन** (**क,कि,कु,घ,ङ,छ,के,को,ह**) : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट** (**हि,हु,हे,हो,डा,डि,डु,डे,डो**) : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह** (**मा,मि,मु,मे,मो,टा,टि,टु,टे**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या** (**टो,प,पी,पू,ष,ण,ठ,पे,पो**) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला** (**रा,री,रु,रे,रो,ता,ती,तु,ते**) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक** (**तो,ना,नि,नू,ने,नो,या,यि,यू**) : **बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु** (**यो,भा,भी,भू,ध,फा,ढ,भे**) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर** (**भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी**) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (**गु,गे,गो,सा,सी,सु,से,सो,द**) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन** (**दी,दु,थ,झ,ञ,दे,दो,च,ची**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# लैगिंक स्वतन्त्रताको विद्रोह, विवाह बेगर आमा

**लक्ष्मी विसी**

विवाहको अर्थ स्त्री र पुरुषबीच पति-पत्नीको सम्बन्ध कायम गराउने धार्मिक/सामाजिक प्रक्रिया हो । विवाह भइसकेपछि बर-बधूले संयुक्त जीवनको अभ्यास गर्छन् । सँगसँगै आर्जन गर्ने, उपभोग गर्ने, सन्तानोत्पादन र वंश हस्तान्तरणको कर्तव्य पूरा गर्ने गर्छन् । यसरी संयुक्त जीवनका लागि केटीलाई केटाको घर लैजाने आम अभ्यास बनेको छ । यदाकदा पुरुषलाई विवाह गरेर लैजाने चलन पनि पाइन्छ ।

आदिम समयमा विवाह-बन्धनको प्रचलन थिएन । आदिम कालमा महिला र पुरुष दुवै स्वतन्त्र थिए । दुवैलाई स्वेच्छिक कामसुखको अधिकार थियो ।

तर मातृसत्ताको पतन भएर पितृसत्ताको उदय हुनुमा सम्पत्ति माथि उत्तराधिकारी खोजी गर्नु थियो । त्यसै क्रममा एकनिष्ठ विवाह र पतिव्रत्य कठोर अनुशासन बाध्यकारी बनाउन पुगेको मार्क्सवादी चिन्तक फ्रेडरिक एंगेल्सको अवधारणा पाइन्छ ।

प्राणीशास्त्री चार्ल्स डार्बिनका अनुसार भने विवाह संस्था मानव समाजमा जीवशास्त्रीय आवश्यकताका कारणले उत्पन्न भयो । यसको मुख्य कारण आफ्नो वंशको सुरक्षा वा वंशलाई निरन्तरता र सुरक्षित बनाउनु थियो ।

तर बिस्तारै विवाहप्रति धारणा परिवर्तन हुँदै आएको छ । औद्योगिक विकास पछाडि विवाहको स्वरूप फेरिएको छ । त्यसको मुख्य कारण भौतिकवादी दृष्टिकोण हो ।

जब समाज विकसित हुन थाल्यो/भयो, बिस्तारै विवाह संस्थामा पनि परिवर्तन भइरहेको छ । आधुनिक र प्रविधियुक्त समाजसम्म आइपुग्दा मानिस जातिको शैक्षिक, सामाजिक, सांस्कृतिक चेतमा विकास हुँदै गएको छ ।

उनीहरूको सोचाइ, जीवन जिउने तरिका फराकिलो हुँदै गएको छ । विवाहप्रतिको लगाव कम हुँदै गएको देखिन्छ । त्यसैले विवाहलाई धेरै महत्व दिएको पाइँदैन ।

जबकि 'जसको जन, उसको धन' भन्ने उखान प्रचलनमा रहनुले हिजो विवाह र सन्तानप्रति कुन तहको गौरवबोध थियो भन्ने प्रष्ट हुन्छ । यो उखान विशेषगरी कृषि युगमा भएको हुनुपर्छ । किनकि त्यस्तो समाजमा जसका धेरै संख्याको परिवार हुन्थ्यो, ऊ समृद्ध कहलिन्छ ।

समाजमा समृद्ध कहलिन धेरै श्रीमती विवाह गर्ने र धेरै सन्तान जन्माउने गर्थे । 'सन्तानले डाँडाकाँडा ढाकून्' भनेर आशिष् दिने चलन त्यसै समयको अर्को उदाहरण हो । यसपछि पूँजीवादी प्रभाव कायम रहँदा पूँजी निर्माण, पूँजीको संरक्षण र विस्तार गर्न वंशको निरन्तरता अपेक्षा गरिन्छ ।

तर प्रविधिको विकास, करिअर निर्माण जस्ता कुराको बोझले गर्दा पछिल्लो पुस्तामा विवाह प्राथमिकतामा पर्न छोडेको देखिन्छ । कमाइ र घरव्यवहार चलाउन पति वा पत्नीको आवश्यकता कमजोर हुँदै जाँदा वंश हस्तान्तरण र यौनसुखका लागि मात्रै पनि विवाह आवश्यक होइन भन्ने सोच विकास भइरहेको छ ।

अर्कातिर पितृसत्ताको दलदलबाट उठ्न नसकेको पुरातनवादी समाजमा भने अझै लैङ्गिक असमानता, भोगवादी दृष्टिकोणले गर्दा महिलामा विवाहप्रति बोझ बढ्दै गएको पाइन्छ । यो अवस्था नेपाली समाजमा पनि विकास भइरहेको छ । उसो त पुरुषहरूमा पनि त्यस्तो अनुभूति नभएको होइन । तर पितृसत्तात्मक सोचले पनि हुनसक्छ, तुलनात्मक हिसाबले महिलामा विवाहप्रति नकारात्मक सोचको विकास भएको देखिन्छ ।

पितृसत्ताले निर्धारण गरेको सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक संरचनाले नारीलाई उसको निरंकुशताको जाँतोमा पिल्सिन बाध्य बनायो । आध्यात्मवाद लगायत धार्मिक चिन्तन र भौतिकवाद दुई विपरीत धारका दार्शनिक चिन्तन भए पनि यौनको महत्व र नारीको गरिमालाई नकारेको छैन । तर यसको आडमा समाजको दलाल वर्ग वा सामन्त वर्गले महिलामाथि अति उत्पीडन र पुरुषमाथि अति दायित्वको बोझिलो भार बोकाएको तथ्य अकाट्य छ । लैङ्गिक समानताको सवालमा नारीको भूमिकालाई भोगवादी दृष्टिकोणले हेर्ने सामन्त पितृसत्ता नै बलशाली र न्यायपूर्ण मातृसत्ता विनाशपछि निर्माण भएको इतिहास छ । आदिम मातृसत्तामा यौनिक स्वतन्त्रता थियो भन्ने तर्कलाई विशेषगरी मार्क्सवादी विचारका लेखकले परिचर्चा गरेका छन् ।

महिलाहरूलाई आदिम, वैदिक, पौराणिककालमा सबै प्रकारका स्वतन्त्रताको छुट थियो । उनीहरूलाई यौन स्वतन्त्रता भएकै कारणले आमा र बच्चाहरूको पहिचानमा समस्या हुनुको साथै उनीहरू बीचको भिन्नता दर्शाउन आमाको नामबाट परिचय खुलाउने पद्धतिको विकास भएको थियो । जुन आमा प्रधान व्यवस्थाको महत्वपूर्ण भूमिका थियो । बच्चाहरूको भौतिक संरक्षण, सीपको हस्तान्तरणको जिम्मेवारी महिलामा थियो । यो प्राकृतिक रूपमै आमाबाट सजिलो हुने कुरा प्राणीविज्ञानको विश्लेषणबाट पनि बुझ्न सकिन्छ । आफूले कस्तो पुरुषको संसर्गबाट बच्चा जन्माउने भन्ने अधिकार वैदिककालदेखि आमामा नै थियो ।

यसरी जन्माइएका बच्चाहरू बलिया, स्वस्थ र स्वतन्त्र चिन्तनयुक्त र आविष्कारमा सफल हुने खालका थिए । क्रमशः मानव समाज विकासमा सीमितता र साँघुरो सम्बन्धका सीमाभित्रबाट निरन्तर हुँदै आएको सृष्टिको चक्रले मानिसलाई कम क्षमतावान्, कम बलवान् बनाइरहेको छ । यसको मनोवैज्ञानिक विश्लेषण गर्ने हो भने विवाहका नियमहरूले खुम्च्याउँदै लगेको यौनिक स्वतन्त्रता र यसले असर गरेको जैविक तथा मनोवैज्ञानिक सीमालाई नै लिन सकिन्छ ।

हाम्रो पितृसत्तात्मक परम्परागत सोच, जाति, धर्म, रीतिरिवाज, चालचलन, संस्कृति आदिका कारण महिलालाई हेप्ने, विभेद गर्ने परम्परा कायमै छ । विवाहका लागि शिक्षित र सक्षम महिला खोजिने तर विवाहपश्चात् ती महिलाको शिक्षा र सक्षमताको कदर नगर्ने गरेका उदाहरण पनि हाम्रो समाजमा छन् । परम्परागत रूपमा चलिआएका गतिविधि र पारिवारिक जिम्मेवारी थाम्नु, जागिर तथा व्यवसायलाई सन्तुलनमा राखेर अगाडि बढ्नुपर्ने बाध्यता आजका महिलासामु छ ।

एकै पटक दोहोरो, तेहेरो भूमिका निर्वाह गर्नुपर्दा महिलाको जीवन झन् झन् कष्टपूर्ण देखिन थालेको छ । पारिवारिक रूपमा गरिने सेवाको न कुनै मूल्य छ, न मान्यता नै । त्यसकारण पछिल्लो शिक्षित, आर्थिक रूपमा आत्मनिर्भर, समाज र राजनीति बुझेका महिलाहरूले विवाह र परिवारलाई झञ्झटिलो संस्थाका रूपमा लिएको देखिन्छ ।

प्रविधिको विकास र मानव चेतनाको वैज्ञानिक विद्रोहले फेरि एक पटक सन्तान जन्माउने र सृष्टिको निरन्तरता दिनको लागि पुरुष बीजको छनोट गर्ने स्वतन्त्रता महिलामा आइसकेको छ । टेस्टट्युव बेबीको प्रविधिले महिलाहरू सन्तानोत्पादनका लागि निश्चित पुरुषसँग उसको इच्छा वा समाजले देखाएका नियममा बाँधिएर सिंगै जीवन बिताउनु पर्दैन ।

समाजमा आफू स्वतन्त्र र सम्मानित जीवन बिताउन अन्तरनिर्भरको समय पार गरेर आत्मनिर्भर नै भइसकेको छ । यसकारण महिलाहरूले अपमान, अन्याय, अत्याचार र पीडा सहेर परिवार वा विवाह जोगाउनुपर्ने अवस्थाको अन्त्य भएको छ ।

भावनात्मक सम्मान र सहअस्तित्वको निर्माण, आपसी सद्भाव र सुसम्बन्ध हुँदाको अवस्थामा विवाहलाई समय अनुसार परिष्कृत गर्दै लैजानुपर्छ । अन्यथा विद्रोहको एउटा नयाँ चरणलाई विज्ञानले पनि साथ दिएर निर्माण भएको यो अवस्थामा विवाह बेगर नै आमा अर्थात् स्वतन्त्र आमाको नयाँ युग निर्माण गर्न पनि पछि पर्नुहुँदैन । पुरुष प्रधान समाजले अझै पुरुष पात्रहरूले पक्कै यो (बिहे बेगर आमा बन्ने) कुरालाई सजिलै

वांकी ५ पेजमा...

# केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

## दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

## एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

## अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

## प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# गणतन्त्रको विकल्पमा राजसंस्था पुन:स्थापना गर्ने संघर्षको तयारी

विराटनगर । हाम्रो देशमा अनेकौ राजनीतिक उलट-फेर र परिवर्तनबाट गणतन्त्रसम्म आइपुग्दा, अब त गणतन्त्र रहे देशै नरहने र देश जोगाउने हो भने गणतन्त्र फाल्नुपर्ने र गणतन्त्रको विकल्पमा राज संस्था पुनर्स्थापना गर्नुपर्ने भन्दै एकीकृत राष्ट्रिय संघर्ष समिति गठन भएको छ ।

संघर्ष समितिले बुधवार नेपाल पत्रकार महासंघ मोरंग शाखाको सभाहलमा पत्रकार सम्मेलन गरी बल्लभ प्रसाद दाहालको अध्यक्षतामा २५ सदस्य एकीकृत राष्ट्रिय संघर्ष समिति गठन भएको जानकारी गराएको थियो ।




उक्त समितिको बरिष्ठ उपाध्यक्षमा दिनेश राउत, उपाध्यक्षमा रमा प्रसाई, बरिष्ठ सचिवमा पुष्पराज दाहाल, सचिव पन्नालाल राजवंशी, सह सचिव संन्दिप घिमिरे रहेका छन् । त्यसैगरी सदस्यमा लक्ष्मण राय अमात, नन्दलाल मुखिया, म. सैनुल मियां, गणेश कुमार मोदी, डा. श्रीकान्त शाह, तेज नारायण राजवंशी, धिरेन काकी, राम दयाल विश्वास, दिनेश राउत, नगेन्द्र कुमार माझी, नारायण बुईटेल, महमूद अन्सारी, कपिल पोखरेल, रामाशिष कामत मुन्नालाल माझी, राज कुमार राजवंशी, सन्तोष पोखरेल, अशोक मुखिया रहेका छन् ।

समितिले पुस २७ गते देखि सर्घषको लागि गाउँटोलमा गएर संघर्ष समिति गठन गर्ने र फागुन चैत देखि लगातर संघर्ष गर्ने अध्यक्ष दाहालले वताए ।

दाहालको हस्ताक्षरीत प्रेस विज्ञप्तीमा भनिएको छ यतिबेला सबैलाई बाहा भएकै कुरा हो कि नेपाल र नेपालीको विद्यमान स्थिति अत्यन्तै नाजुक छ । २००७ सालदेखि आजसम्म पनि प्रजातन्त्रको रटानले नेपाल र नेपाली चाहिं समाप्त हुँदै गएको, केवल नेताहरु र नेताहरुले अंगालेका व्यक्तिहरु र आफन्तहरुको मात्र उन्नति प्रगति एवम् भ्रष्टाचार र मनपर्वी शासन व्यवस्थाका कारण देश ओरालो झाँझदै यति बेलासम्म आइपुग्दा अब त देशै नरहने र देशवासीहरु सबै रोजगारीका लागि देशै छाडेर भाग्ने अवस्था सिर्जना भैसकेको अवस्था छ ।

गणतन्त्रको विरुद्ध यतिबेला छुट्टाछुट्टै आ-आफ्नो गुट, समूहको फरक-फरक विरोध, आन्दोलन र संघर्षको अभियान चलाउने अभियन्ताहरुले राज संस्था पुनर्स्थापनाको नारा चर्काएको देखिन्छ । यस प्रकारका छुट्टाछुट्टै विरोधबाट सफलता सम्भव नदेखिएकोले यी सबै शक्तिलाई एकीकृत गरी गरिने निर्णायक जनविद्रोहले मात्र विजय प्राप्त गर्ने र राज संस्थाको पुनर्स्थापना हुन सक्ने भएकाले त्यसतर्फ लाग्नु नै वाञ्छनीय भएको उल्लेख छ ।

जनता साध्य हो, राजनीतिक व्यवस्था जुनसुकै भएपनि साधन मात्र हो। यसर्चं जनताका लागि जनताले नै राजनीतिक व्यवस्था परिवर्तन गर्न सक्दछ, यही नै अटल सत्य हो। यसै सन्दर्भमा नेपाल विद्वत् परिषदले बोकेको सैद्धान्तिक विचार र वैचारिक आन्दोलनलाई एकीकृतको माध्यमबाट अधि बढ्न नेपाल सद्भावना मंच मोरङसँग छलफल गर्न नेपाल विद्वत् परिषदका केन्द्रीय अध्यक्ष पूर्व राज परिषद स्थायी समितिका सम्माननीय सदस्य जीतबहादुर अर्जेल र नेपाल सद्भावना मंचका राष्ट्रिय आध्यक्ष पूर्व उपप्रधानमन्त्री एवम् गृहमन्त्री बद्रीप्रसाद मण्डल बीच ऐक्यबद्धता विषयमा निर्णय हुँदा हामीले हामी बीचबाट एकीकृत "राष्ट्रिय संघर्ष समिति २०८० मोरङ को नामबाट यस जिल्ला अन्तर्गत रहेका राज संस्था पुनर्स्थापनाका लागि गणतन्त्र विरुद्ध संघर्षरत व्यक्ति, संघ-संस्था, पार्टी सबैलाई ध्रुवीकरण गरी देशव्यापी भइरहेको आन्दोलन, विद्रोह एवम् संघर्षमा जोडिने र अन्तिम लक्ष्यसम्म पुग्ने सोचाई राखी "संघर्ष समिति गठन गरिएको छ

# शाल्यक्रिया नगरी मुटुको प्वाल टाल्ने प्रविधी

विराटनगर । लेटाङ्गका एक जना २३ बर्षका युवकको मुटुको प्वाल नोवेल मेडिकल कलेज टिचिङ्ग हस्पिटलमा विना शल्यक्रिया टालिएको छ ।

लेटाङ्ग निवासी अमिस मगरको विना शल्यक्रिया नोवेलका मुटुरोग बिषेशज्ञ प्रा. डा. राजेश नेपाल नेतृत्वको चिकित्सा टोलीले ए. एस. डी. क्लोजर (ब्कम म्भखष्अभ ऋयिकगचभ) प्रविधीबाट मुटुको जन्म जात प्वाल टालेको हो ।

करिव डेढ बर्ष अगाडी शौचालय जाने क्रममा एक्कासी लडेका उनको परिवारले केही होइन होला भनी त्यति गंभिरता पुर्वक नलिएको र छ महिना अगाडि पनि उनी फेरी बेहोसीमा लड्न पुगेका थिए । अस्पताल आउन भन्दा केही दिन पहिला यो घटना पुन: दोहोरिए पछि भने उनलाई परिवारले लेटाङ्गमा नै जाँच गराउदा मुटुमा प्वाल परेको थाहा भएको विरामीकी आमाले बताइन् ।

उनको भनाई अनुसार लेटाङ्गका नाम चलेका स्वास्थ्य कर्मी सिताराम लुईटेलले रोग पत्ता लगाई नोवेलमा थप उपचारका लागि पठाएका थिए । नोवेलमा उनको विना शल्यक्रिया मुटुको प्वाल टालिएको छ । मुटुको प्वाल टालिए पछि विरामी र विरामीको आमाले चिकित्सक लाई धन्यवाद दिदै अस्पताल सेवा प्रति खुशी व्यक्त गरे ।

त्यस्तै राजविराजका २६ बर्षिय मञ्जु देवी पंण्डीतको पनि मुटुको प्वालको ए. एस. डी. डिभाइसबाट उपचार गरिएको छ । थकाई लाग्ने, हिंडदा स्याँ स्याँ हुने, खाएको शरीरमा नलाग्ने समस्या भई उपचारका लागि नोवेल आएको उनको जम्मा तौल ३८ केजी मात्र रहेको र जाँचको क्रममा उनको मुटुको प्वालको आकार ठूलो रहेको पाईएकोले ३४ एम. एम. को ए. एस. डी. डिभाइस राखिएको थियो ।

डा. राजेश नेपालको भनाई अनुसार यो ए. एस. डी. भनेको मुटुमा हुने प्वाल हो । यो जन्म जात हुन्छ । धेरै मानिसहरुले यसलाई पहिला थाहा पाउदैनन्, पछिमात्र थाहा पाउछन् । किन भने लक्षण पछिमात्र देखा पर्न थाल्छ या अन्य कारणले इकोकार्डियोग्राम गर्दा थाहा हुन्छ । मुटुको प्वाल शल्यक्रिया गरेर वा नशाबाट छाता जस्तो सामाग्री (ए. एस. डी. डिभाईस) छिराएर प्वाल परेको स्थानमा टाल्ने गरिन्छ ।

मुटु जाँचको क्रममा टी. ई. ई. भन्ने परीक्षण गरे पश्चात भोको रहेको ६ घण्टा पछि क्याथ ल्यावमा यो प्रकृया गर्ने गरिन्छ । १५ देखि २० मिनटमा हुने यो प्रकृया सकिएको २/३ घण्टा पछि खाना खान मिल्ने हुन्छ । मुटुको प्वाल टालेको एक दिन पछि विरामीलाई घर पठाउन मिल्ने डा. नेपालको भनाई छ । नोवेलमा यो प्रविधीबाट मुटुको प्वाल टाल्ने विरामीको संख्या अहिले बढेको छ ।

मुटु रोगको पहिचान, सबै प्रकारका मुटुका समस्याहरुको उपचार र नेपाल सरकारको विपन्न नागरिक औषधी उपचार कोष अन्तर्गतका सेवा उपलब्ध हुने भएकोले विरामीलाई नोवेल आई उपचार गर्न सहज भएको महाप्रवन्धक दिपेश राईले जानकारी दिए ।

मुटु रोग, फोक्सो रोग, न्यूरो सर्जरी, न्यूरोलोजी, नेफ्रोलोजी, ग्यास्ट्रोइन्टेरोलोजी, अन्कोलोजी, इण्डोक्राइनोलोजी, हेपाटोलोजी, यूरो सर्जरी, ल्यापारोस्कोपिक सर्जरी, आई. भि. एफ., हेपाटो सर्जरी, बाथ रोग लगायतका विशिष्ट सेवाहरु सहितको एकै छाना मुनी सबै सेवा उपलब्ध भएकोले नोवेलमा पूर्वी नेपालका र भारतीय विरामीहरुको चाप उच्च हुने गरेको छ ।

NO SMOKING

# बीमाको पहुँचमा पुर्याउँछौ : मुख्यमन्त्री कार्की

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले बीमाको पहुँचमा सबै प्रदेशवासीलाई पुर्याउने बताएका छन् । मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा नेपाल बीमा प्राधिकरणले सोमबार आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री कार्कीले प्रदेशवासीलाई शिक्षा, स्वास्थ्य, विपदलगायतको क्षेत्रमा सहज र सुलभ सेवा प्रदानका लागि प्रदेशवासीलाई बीमाको पहुँच पुर्याउने बताएका हुन् ।

'अहिले आगलागिका घटनाहरु नै धेरै भइरहेको अबस्थामा सरकारले राहत स्वरुप निर्देशिका अनुसार अधिकतम ५० हजार उपलब्ध गराउँदै आएको छ,' उनले भने, 'तर त्यो प्रयाप्त छैन्, हामीले त्यसलाई बीमासँग जोड्न सकियौं भने पिडितलाई थप राहत महसुश हुन्छ ।' मुख्यमन्त्री कार्कीले बीमा पहुँचमा हुनेको भन्दा पनि नहुनेको घरसम्म पुर्याउनु पर्ने र सेवा प्रभावकारी बनाउनु पर्नेमा जोड दिएका हुन् ।

उद्योग, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. लेखराज दाहालले बाखा र बंगुरको बीमामा भूक्तानीका लागि बीमा कम्पनीहरुले निकै झण्झटिलो अवस्था निर्माण गरेको प्राधिकरणको ध्यानाकर्षण गराए ।

भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव रमेशकुमार सिंहले सडकलगायतका भौतिक संरचना निर्माणमा हालसम्म बीमामा गरेको लगानी बालुवामा पानी सावित भएको तर्फ प्राधिकरणको ध्यानाकर्षण गराएका थिए ।

नेपालको वित्तीय क्षेत्र सुधार रणनीति अन्तर्गत गाउँ गाउँसम्म बीमाको पहुँच पुर्याउन तीन तहको नै सरकारसम्म पुग्ने प्रयास गरिरहेको बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बताए । सिलवालले बीमा गरिएका बाखा र बंगुर मरेपछि किसानहरुले अत्यधिक मूल्य दावी गर्ने गरेकाले चुनौतिपूर्ण भएको स्विकारे । उनले सडक तथा भौतिक संरचना निर्माण क्षेत्रको बीमामा भएको समस्या समाधान गर्ने प्रतिबद्धता जनाए ।

'जीवन बीमाको पहुँचमा गत आर्थिक वर्षसम्ममा ४४.३८ प्रतिशत नेपाली मात्रै छन्,' उनले भने, 'विगत आर्थिक वर्षभन्दा गत वर्ष २.८७ प्रतिशतले वृधि भई बीमा शूल्क संकलन कूल १ खर्ब ८२ अर्ब ९१ करोड पुगेको र कूल ग्राहस्थ्य उत्पादनमा बीमाको योगदान ३.४० प्रतिशत रहेको छ ।'

अध्यक्ष सिलवालले चुक्ता पूँजी जीवन बीमाको ५२ अर्ब १६ करोड र नीर्जीवन बीमाको २६ अर्ब ६ करोड रहेको बताए । बीमा क्षेत्रमा प्रत्यक्ष रोजगारी ११ हजार ४९९ जनाले प्राप्त गरेको उनले सुनाए । 'बीमा सेवा संघ र प्रदेशको साझा अधिकार सूचीमा रहेको र घर बीमा वापत ५ हजार, जीवन बीमा वापत ४० हजार, स्वास्थ्य बीमा वापत ४० हजार रुपैयाँसम्म कर योग्य आयमा छुटको व्यवस्था छ,' उनले भने, 'कृषि तथा पशुपन्छी बीमामा बीमा शूल्कको ८० प्रतिशत सरकारले अनुदान दिइरहेको लाभ सबै किसानले प्राप्त गर्नुपर्छ ।' मुलुकमा तेस्रो पक्ष मोटर बीमा र वैदेशिक रोजगार बीमा अनिवार्य गरिएको सिलवालले जनाकारी गराए । उनले सरकारी तथा निजी सम्पत्तिहरुको बीमासम्बन्धी उच्चसतरीय अध्ययन कार्यदल गठन भएको र त्यसले दिएको प्रतिवेदनको आधारमा काम अघि बढाउने प्राधिकरणको तयारी रहेको बताए । नेपालमा जीवन बीमा कम्पनी १४, निर्जीवन बीमा कम्पनी १४, पुनर्बीमा कम्पनी २ र लघुबीमा कम्पनी ७ गरी कूल बीमा कम्पनीको संख्या ३७ छन् ।




## हार्दिक अनुरोध

- सार्वजनिक स्थानमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थानमा फोहर नफाळौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

सुन्दर हरैचा नगरपालिका
मोरंग, कोशी प्रदेश

# एक्स्पो समुद्घाटनमा प्रधानमन्त्री प्रचण्डले के भने ? पूर्णपाठ



१. नेपालको पहिलो औद्योगिक नगरी विराटनगरमा आयोजित यो ऐतिहासिक व्यापार मेलामा प्रमुख अतिथिको रुपमा आमन्त्रण गरी आफ्ना विचारहरु र नेपाल सरकारको धारणा राख्ने अवसर प्राप्त गर्नुभएकोमा आयोजकहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै मोरब व्यापार मेला एक्स्पो २०२३ को भव्य सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२. निजी क्षेत्रको प्रतिनिधि संस्था मोरब व्यापार संघले विगतका वर्षहरुमा समेत राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरका मेला, महोत्सवको आयोजना गरी यस क्षेत्रको उत्पादनमा प्रोत्साहन, व्यापार प्रवर्द्धन एवं अर्थतन्त्रको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । देशको अर्थतन्त्र चलायमान गराउन प्रदेशका कृषिजन्य वस्तु, स्वदेशी उत्पादन र सेवाहरु लगायतका वस्तुहरुको राष्ट्रिय र अन्तर्राष्ट्रिय बजार बिस्तारका साथै प्रदेशका पर्यटकीय एवं धार्मिक गन्तव्यहरुको प्रचारप्रसार लगायतका कैयौं प्रवर्धनात्मक कार्यहरुका निम्ति यो मेलाको आयोजना गरिएको मैले जानकारी पाएको छु । यसका निम्ति आयोजकहरुमा धन्यवाद व्यक्त गर्दछु ।

३. सामाजिक न्याय, सुशासन र समृद्धिको प्राथमिकतासहित अगाडि बढिरहेको वर्तमान सरकार अर्थतन्त्रका चुनौतीहरु सम्बोधन गर्दै समृद्धिको यात्रालाई गति दिन निरन्तर क्रियाशील छ । जतिबेला मैले सरकारको नेतृत्व लिएको थिएँ, त्यतिबेला देशको अर्थतन्त्र निकै अप्ठ्यारो परिस्थितिमा थियो । एक वर्षको अनवरत प्रयासपछि अर्थतन्त्रका अधिकांश सूचकहरुमा राम्रो प्रगति देखिएको छ । तपाईहरुले आयोजना गर्नुभएको एक्स्पोले पनि अर्थतन्त्रलाई चलायमान गरी आर्थिक गतिविधिहरुलाई तीव्रता दिई आम नागरिकमा देखिएको निरासा सम्बोधन गर्न महत्वपूर्ण योगदान गर्नेछ ।

४. एक वर्षको अनवरत प्रयास र निजी क्षेत्रको सहयोगमा अर्थतन्त्रमा क्रमशः सुधार आइरहेको छ । महंगी नियन्त्रणका दृष्टिले यतिबेला हामी २ वर्षयताकै प्रगतिमा छौं । वार्षिक औसत महंगीदर ७।११ प्रतिशत रहेकोमा अघिल्लो महिना त्यसमा कमि आई ५।३८ प्रतिशतमा झरेको छ । भुक्तानी सन्तुलनका दृष्टिले समेत राम्रो प्रगति हुँदै गएको छ । निर्माण व्यवसायीहरुको भुक्तानी गर्न बाँकी रकम भुक्तानीको प्रक्रिया अगाडि बढेको छ । यसले एकातर्फ अर्थतन्त्रलाई चलायमान तुल्याउने छ भने अर्कोतर्फ नयाँ आयोजनाहरुको निर्माण प्रक्रियाले तीव्रता लिनेछ । अर्थतन्त्र सुधारका दृष्टिले यो आफैमा महत्वपूर्ण पहल हो ।

५. चालु आर्थिक वर्षमा प्रतिमहिना औसत एक खर्ब २० अर्ब रुपैयाँभन्दा बढी रेमिटेन्स भित्रिएको छ । पछिल्लो चार महिनामा चार खर्ब ७७ अर्ब रुपैयाँ बराबरको रेमिटेन्स भित्रिएको छ । रेमिटेन्समा निर्भरता अर्थतन्त्रको दीर्घकालीन समाधान त होइन, तर तत्कालको संकट निवारणका दृष्टिले यसको अर्थतन्त्रमा महत्वपूर्ण योगदान रहन्छ । चालु आर्थिक वर्ष २०८०।८१ को चार महिनामा विदेशी मुद्राको सञ्चिति १६ खर्ब ९६ अर्ब रुपैयाँ पुगेको छ । यो अर्थतन्त्रको सुधारमा महत्वपूर्ण सूचक हो ।

६. यस अवधिमा एकातर्फ बैंकको ब्याजदर घटाइएको छ भने अर्कोतर्फ बैंकहरुको कर्जा लगानी पनि क्रमशः बढ्दै गएको छ । कर्जाको औसत ब्याजदर १४ महिनापछि १२ प्रतिशतमुनि आएको छ । विगतमा यस्तो ब्याजदर अधिकतम १३.०३ प्रतिशतसम्म पुगेको थियो । कात्तिकमा कर्जाको औसत ब्याजदर ११.९६ प्रतिशत छ । राष्ट्रबैंकले गत शुक्रबार सार्वजनिक गरेको मौद्रिक नीतिअनुसार नीतिगत ब्याजदर घटाएको छ । राष्ट्र बैंकले बैंकदरका रुपमा समेत रहेको स्थायी तरलता सुविधाको दर ७.५ प्रतिशतबाट घटाएर ७ प्रतिशतमा झारेको छ । यो आफैमा महत्वपूर्ण सुधार हो । अर्थतन्त्रमा यसको प्रभाव क्रमशः देखिँदै जानेछ ।

७. पर्यटक आगमनमा यस वर्ष इतिहासकै नयाँ रेकर्ड कायम भएको छ । सन् २०२२ भरिमा आएका पर्यटकभन्दा सन् २०२३ को नोभेम्बरसम्म पर्यटक आगमन ४९ प्रतिशतले बढेर ९ लाख १८ हजार पुगेको छ । यी र यस्ता सूचकहरुले हाम्रो अर्थतन्त्रमा आएको सकारात्मक सुधारलाई प्रष्ट गर्दछन् ।

८. अर्थतन्त्रका सूचकहरुमा महत्वपूर्ण सुधार आइरहेको भए पनि आम नागरिक र व्यवसायीहरुको मनोविज्ञान सकारात्मक बनाउने चुनौती हाम्रासामु छ । "केही छैन, केही हुँदैन, केही सकिँदैन" भन्ने मनोविज्ञानबाट माथि उठेर "देश क्रमशः प्रगतिको बाटोमा छ, देशभित्रै केही गर्न सकिन्छ, हामीले केही गर्नैपर्दछ" भन्ने भाष्य निर्माण यतिबेला हाम्रो चुनौती र कार्यभार दुबै हुन आएको छ । यसका लागि तपाई व्यवसायीहरु र आम जनसमुदाय ले समेत सकारात्मक योगदान गर्नुहुनेछ भन्ने मैले विश्वास लिएको छु ।

९. यसअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका साथमा शुभारम्भ गरिएको विराटनगर-कटहरी-जोगवनी कार्गो रेल सञ्चालनका बारेमा तपाईहरुले राख्नुभएको चासोप्रति म जानकार छु । यसलाई सम्बोधन गर्न सरकारको तर्फबाट आवश्यक प्रक्रिया अगाडि बढाइने विश्वास म तपाईहरुलाई दिलाउन चाहन्छु । यसका साथै अन्य नाकाहरुको सञ्चालनबारे पनि सरकारले गम्भीर रुपमा पहल लिनेछ ।

१०. खोटाङको हलेसी महादेव, ताप्लेजुङको पाथीभरादेवी मन्दिर, सुनसरीको बराह क्षेत्र, रामधुनीलगायतका धार्मिक तीर्थाटनलाई पर्यटकीय आकर्षणको केन्द्र बनाउन, सगरमाथामा कोशी प्रदेशको अपनत्व स्थापित गरेर यस क्षेत्रको विकासमा गुणात्मकता दिन सकिन्छ । यसका लागिसमेत सरकारको तर्फबाट पहल भइरहेको जानकारी गराउँछु ।

११. संविधान र नागरिकता ऐनले आमाको नामबाट नागरिकता दिने प्रबन्ध गरे पनि जिल्ला प्रशासन कार्यालयले नागरिकता बितरणमा सहजीकरण नगरेको भन्ने गुनासोहरु पनि छन्, ती गुनासोहरु यथोचित रुपमा सम्बोधन गरिनेछ । त्यसका साथै विराटनगरलाई विशेष आर्थिक क्षेत्र बनाउने, मुआब्जाको समस्या समाधान गरी चक्रपथ निर्माणलाई गति दिनुपर्ने, विराटनगर जुट मिल लगायतका औद्योगिक प्रतिष्ठानहरुको सम्पत्ति संरक्षण गर्ने, राजस्व छलि र चुहावटलाई नियन्त्रण गर्ने र नदी नियन्त्रणका बारेमा तपाईहरुले जे-जति विषय उठाउनुभएको छ, मैले त्यसको सम्बोधनका लागि आवश्यक पहल लिने पनि विश्वास दिलाउँछु ।

१२. विश्वको सर्वोच्च शिखर सगरमाथा तपाईहरुकै प्रदेशमा पर्दछ । तर, पछिल्लो समय जलवायु परिवर्तनका कारण देखिएको बहुआयमिक संकटको नकारात्मक प्रभाव त्यस क्षेत्रमा समेत गहिरो गरी देखिएको छ । संयुक्त राष्ट्रसंघका महासचिव आफै सगरमाथा क्षेत्रको भ्रमण गरी जलवायु परिवर्तनका असरहरुको प्रत्यक्ष अवलोकन गर्नुभएको छ । अघिल्लो महिना सम्पन्न विश्व जलवायु सम्मेलन (कोप २८) मा पनि मैले यसबारे गम्भीर रुपले नेपालको धारणा राखेको छु । यसले जलवायु परिवर्तनका कारण देखिएका संकट निवारणका निम्ति, नेपालले प्राप्त गर्नुपर्ने क्षतिपूर्तिका निम्ति र नेपालको अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धमा निम्तिसमेत महत्वपूर्ण आधार प्रदान गरेको छ ।

१३. तपाईहरुलाई जानकारी नै छ- केही दिनअघि बसेको मन्त्रिपरिषदको बैठकले विराटनगर-१९ मा रहेको गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशालालाई राष्ट्रिय गौरवको आयोजनामा सूचिकृत गरिसकेको छ । यसलाई उच्च प्राथमिकतामा राखेर बजेट विनियोजन गर्न तथा निर्माण प्रक्रिया अगाडि बढाउन सरकार गम्भीर छ ।

१४. मैले तेस्रोपटक सरकारको नेतृत्व गरेको एक वर्षको अवधि पूरा हुँदैछ । एक वर्षको अवधिमा महत्वपूर्ण उपलब्धीहरु प्राप्त भएका छन् । तर, देशमा विद्यमान चुनौतीको सम्बोधनका दृष्टिले ती पर्याप्त छैनन् । आगामी दिनमा थप सक्रियताका साथ योजनावद्ध परिणाम दिने गरी मैले काम गर्ने तयारी गरिरहेको व्यहोरासमेत तपाईहरुलाई अवगत गराउँछु । सरकारको यो सकारात्मक र इमानदार प्रयासमा सधैंझैं तपाईहरुको साथ, सहयोग र ऐक्यवद्धता रहनेमा म पूर्ण विश्वस्त छु ।

१५. अन्त्यमा, तपाईहरुको यो व्यापार मेला पूर्वी नेपालका साथै सिंगो देशको अर्थतन्त्रमा गति ल्याउन, स्थानीय उत्पादनहरुको प्रवर्धन र बजारीकरण गर्न तथा आम जनताको आर्थिक जीवनमा सकारात्मक योगदान दिन सक्षम हुने विश्वासका साथ फेरि एकपटक मोरङ व्यापार मेला एक्स्पो २०२३ को सफलताको शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

- मोरङ व्यापार संघद्वारा आयोजित उद्योग व्यापार मेला ( एक्स्पो २०२३) को उद्घाटन समारोहमा प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"को सम्बोधन । (६ पुस २०८०, विराटनगर) हाम्रोमतबाट

## नेपाली र पोर्तेल सम्मानित

विराटनगर । नेपाली दलित आन्दोलनका अग्रज व्यक्तित्व खेम नेपाली र सोम पोर्तेल पुरस्कृत भएका छन् ।

मंगलबार नेपाल उत्पीडित जातीय मुक्ति समाज कोशी प्रदेश कमिटीले नेपाली दलित आन्दोलनका अग्रज व्यक्तित्व नेपाली र पोर्तेललाई पुरस्कृत गरेको थियो ।

नेपाल उत्पीडित जातीय मुक्ति समाजको ३६ औं स्थापना दिवसको अवसरमा विराट नगरमा आयोजित कार्यक्रममा नगद सहित नेपालीलाई भद्रमान घले स्मृति सम्मान पुरस्कार र पोर्तेललाई नवराज शंकर स्मृति युवा प्रोत्साहन पुरस्कार प्रदान गरिएको थियो ।

पुरस्कार नेकपा एमालेका महासचिव शंकर पोखरेल, मुक्ति समाज केन्द्रीय कमिटी अध्यक्ष मनोहर विश्वकर्मा र कोशी प्रदेश अध्यक्ष उमेश विश्वकर्मा लगायतले पुरस्कृत गरेका थिए ।

पुरस्कृत अभियन्ता नेपाली मुक्ति समाज केन्द्रीय कमिटीका महासचिव, नेकपा (एमाले) कोशी प्रदेश कमिटी पूर्व जनसंगठन समन्वय संयन्त्र प्रमुख एवम् राष्ट्रियसभाका पूर्व सांसद हुन् ।

पोर्तेल मुक्ति समाज केन्द्रीय कमिटी सचिव, नेकपा (एमाले) कोशी प्रदेश कमिटी सदस्य तथा जिल्ला समन्वय समिति झापाका पूर्व प्रमुख हुन् ।

मुक्ति समाजको स्थापना दिवसको अवसर पारेर केन्द्रीय कमिटीले आयोजना गरेको कार्यक्रममा कोशी प्रदेश कमिटीले स्थापना गरेको सो पुरस्कार उनीहरुलाई प्रदान गरको थियो ।

कार्यक्रममा नेकपा एमाले स्थायी कमिटी सदस्य गुरु बराल, कोशी प्रदेशका पूर्व मुख्यमन्त्री हिक्मत कार्की, नेकपा एमाले स्थायी कमिटी सदस्य डा. शिवमाया तुम्बाहाम्फे, केन्द्रीय सदस्य जीवन घिमिरे, रामलाल साह, कोशी प्रदेश अध्यक्ष घनश्याम खतिवडा, पूर्व केन्द्रीय सदस्य विनोद ढकाल, मोरङ अध्यक्ष ऋषिकेश पोखरेल, उपाध्यक्ष बाबुराम कार्की, नेपाल खेलकुद महासंघका केन्द्रीय अध्यक्ष पर्शुराम बस्नेत, मुक्ति समाजका उपाध्यक्ष एवम् प्रदेश कमिटी इन्चार्ज अनुभूती बम नेपालीलगायत कोशी प्रदेशका अधिकांश जिल्लाबाट मुक्ति समाजका सयौं नेता कार्यकर्ताहरुको उपस्थिती रहेको थियो ।

मंगलबार देश व्यापीरुपमा मुक्ति समाजको ३६ औं स्थापना दिवस मनाइएको थियो । यसपटक मोरङमा केन्द्रीय कमिटीको आयोजनामा स्थापना दिवस मनाइएको मुक्ति समाज मोरङका अध्यक्ष किशोर विश्वकर्माले जानकारीको थियो ।

## दोभाषे राख्छौं : मुख्यमन्त्री कार्की

विराटनगर । मुख्यमन्त्री केदार कार्कीले कोशी सरकार मातहतका अस्पतालल गायतका सरकारी कार्यालयहरुमा कार्यविधि बनाएर दोभाषे राख्ने बताएका छन् । राष्ट्रिय बहिरा महासंघ नेपाल, कोशीले मुख्यमन्त्रीकार्कीलाई ज्ञापन पत्र बुझाए पछि उनले उक्त प्रतिबद्धता जनाएका हुन् ।

प्रदेश सरकार मातहतका अस्पतालहरुमा राखेका दोभाषेलाई जिल्ला बहिरा संघ मातहत राखेर परिचालन गर्न माग गरेपछि मुख्यमन्त्री कार्कीले कार्य विधि बनाएर प्रदेश मातहतका सरकारी कार्यालय लगायत प्रत्येक साार्वजनिक कार्यक्रममा दोभाषे राख्ने व्यवस्था गर्ने बताएका छन् ।

प्रतिस्थापन विद्येक मार्फत आएको बजेटमा बहिरा समुदायका लागि बजेट व्यवस्थापन गरेर मुख्यमन्त्री कार्कीले अभिभाकको भूमिका निर्वाह गरेको जनाएका हुन् ।

प्रदेश सरकारले नेपालको इतिहासमा नै स्वर्णीम हुने गरी बहिरा समुदायलाई लक्षित गरि दोभाषेको व्यवस्था गरेकोमा महासंघका पदाधिकारीले मुख्यमन्त्री प्रति धन्यवाद ज्ञापन गरेका थिए ।

मुख्यमन्त्री कार्कीले दोभाषेहरुको पेशागत सीप विकासका लागि सरकारले काम गर्ने उल्लेख गर्दै नीति नियम बनाउँदा महासंघलाई सहभागिता गराउने कुरामा सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर प्रदेश नं. १

# आर आर इन्टरनेशनल हस्पिटलको शिलान्यास

विराटनगर। उद्योग वाणिज्य र निर्माण क्षेत्रमा महत्वपूर्ण भूमीका निर्वाह गर्दै आएको शिवम् अर्गनाईजेशनले स्वास्थ्य सेवाको क्षेत्रमा पनि केही योगदान दिन सकिन्छ भनि विशुद्ध मानवीय भावनाले प्रेरित भई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले करीब २ सय करोडको लगानी लाग्ने आर आर इन्टरनेशनल हस्पिटलको शिलान्यास अध्यक्ष राजेन्द्रले शिलान्यास गरको छ।




मोरंगको बुढिगंगा गााउपालिका वडा नं १ मा शुरुमा २०० सैया क्षमताको अस्पताल निमार्ण गर्न लागिएको छ। हाल यसलाई १०० शैयाको मल्टी स्पेस्लीटी हस्पिटल संचालन गर्ने र कमश ३०० शैया सम्म विस्तार गर्ने लक्ष्य लिइएको राउतले वताए।

नेपाल सरकारबाट निर्धारित गरिएको आवश्यक कानुनी प्रक्रिया पुरा गरी निर्माण हुन गइरहेको अस्पताललाई आर आर इन्टरनेशनल हस्पिटल नामाकरण गरिएको छ। यस अस्पतालबाट जटिल स्वास्थ्य सेवाको निम्ति विदेश र राजधानीका अस्पताल धाउनु पर्ने बाध्यतालाई कम गरी गुणस्तरीय सेवा प्रदान गर्ने लक्ष्य राखीएको छ।

नेपालबाट बर्षेनी हजारौको संख्यामा नेपालीहरु भारत लगायत विभिन्न देशहरुमा स्वास्थ्य उपचारको लागि जानुपर्ने तितो यथार्थ हाम्रासामु लुकेको छैन। यसै शिलशिलामा कोशी प्रदेशबाट पनि उल्लेख्य संख्यामा विदेशमा उपचारार्थ गईरहेको पाइन्छ। आज देशको समग्र स्वास्थ्य सेवाको माग र आपूर्ती तथा गुणस्तर बीचको खाडल कम गर्न खुल्ला अर्थतन्त्रमा निजि क्षेत्रको सहभागिताले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

अस्पताललाई सेन्टर अफ एक्सीलेन्सको रुपमा विकास गरी सुपर स्पेस्स स्वास्थ्य सेवा दिने महत्वपूर्ण केन्द्र वनाउन लागिएको छ। अस्पतालले मुटुरोगको उपचारलाई प्राथमिकतामा राखी २४ सै घण्टा इमेरजेन्सी सेवा कार्डिक इमेरजेन्सी सेवा र केथ लेव जस्ता सेवा सुविधा उपलब्ध गराउने छ।

यसको अलवा अस्पतालबाट जनरल मेडिसन, न्यूरो सर्जरी, जनरल सर्जरी, मृगौला रोग, मुत्ररोग, स्त्रीरोग तथा प्रसुती सेवा, आाखा रोग, नवजात शिशु तथा बालरोग, हाडजोर्नी तथा नशाको विशिष्टिकृत उपचार सेवा उपलब्ध गराउने योजना रहेको छ। सबै किसिमका शल्यक्रिया आधुनिक र विश्वसनीय प्रविधि तथा उपकरणको माध्यमबाट हुने गरी निर्माणाधीन अस्पतालका सञ्चालक अध्यक्ष श्री राजेन्द्र राउत रहनु भएको छ। वहा लामो समयदेखि विभिन्न उद्योग व्यवसायका क्षेत्रमा संलग्न रहदै आउनु भएको छ। नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्षको रुपमा कार्यरत राउत, नेपाल उद्योग वाणिज्य महासंघका स्थायी समिति सदस्य तथा सार्क चेम्बर अफ कमर्शका कार्यसमिति सदस्य समेत रहेको छ।

अलग किसिमको पारिवारीक पृष्ठभूमि र उद्योग व्यवसायको विरासत बिना नै यस क्षेत्रमा प्रवेश गर्नु भएका राउत गार्मेन्ट निर्यात उद्योगवाट आफ्नो पहिचान बनाउनु भएको थियो। हाल चुनढुंगा खानी सञ्चालन गरी सिमेन्ट उद्योगका लागि कच्चा पदार्थ उपलब्ध गराउदै आउनु भएका व्यावसायी राउतका विभिन्न उत्पादन मुलक उद्योग तथा व्यवसाय सञ्चालित छन्। जुत्ता चप्पल उत्पादन, सिमेन्ट उद्योग, पेट्रोलियम पदार्थ, तथा ट्रेडिंग कारोवार संचालनमा रहेका छन् भने निकट भविष्यमै काठमाण्डौंमा अत्याधुनिक पांचतारे होटल केहि महिना भित्रै सञ्चालनमा आउने छ। त्यसैगरी विराटनगरमा हाउजिंग कम्पनी, पांचतारे होटल र स्वास्थ्य सेवासंगै दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले नर्सिङ्ग क्याम्पसको समेत स्थापना गर्दै लगिने योजना रहेको छ। यो अस्पताललाई एउटा व्यवसायीक घरानाको मात्र नभएर कोशी प्रदेश के सम्पती र सबै सेवाग्राहीको विश्वासको केन्द्रका रुपमा स्थापित गराउने उद्देश्य राखियको राउतले वताए।

# दुग्ध उत्पादक किसानले पाएन २५ करोड भुक्तानी

विराटनगर। कोशी सरकारले दुध उत्पादक किसानको समस्या समाधानका लागि दुग्धजन्य पदार्थ निर्यातका लागि ४ करोड अनुदान वितरण गर्ने तयारी गरेको छ। विराटनगर दुग्ध वितरण आयोजनाले दुग्धजन्य पदार्थ बिक्री नभएको भन्दै कोशी प्रदेशका दुध उत्पादक किसानको ६ महिनादेखिको २५ करोड भुक्तानी नदिपछि प्रदेश सरकारले निर्यातका लागि अनुदान दिन लागेको हो।

उद्योग, कृषि तथा सहकारी मन्त्रालयमा आयोजित दुध उत्पादक किसानसँगको अन्तरक्रियामा प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानूनमन्त्री शम्शेर राईले यस प्रदेशमा दुध उत्पादक किसानहरुले भोग्दै आएको समस्या समाधानका लागि सरकारले तयारी थालेको बताएका छन्। 'यस प्रदेशमा रहेको विराटनगर दुग्ध वितरण आयोजना लगायतका निजी डेरीहरुले उत्पादन गरेको दुधजन्य पदार्थ बिक्री नहुँदा किसानको भुक्तानी दिन सकेको छैन,' उनले भने, 'त्यसैले यस प्रदेशमा भण्डारण गरिएको दुधजन्य पदार्थ निर्यातका लागि प्रदेश सरकारले अनुदान दिने तयारी गरेको छ।' चालु आर्थिक वर्षको बजेटमा दुधजन्य पदार्थ घ्यू र धुलो दुध निर्यातमा अनुदान दिने व्यवस्था गरिएको छ। उक्त बजेट वितरणका लागि उद्योग, कृषि तथा सहकारी मन्त्रालयले कार्यविधि बनाउने कार्य अन्तिम चरणमा पुगैको मन्त्री राईले बताएका हुन्।

इलामका दुध उत्पादक किसान भूपेन्द्र गड्तौलाले विराटनगर दुध वितरण आयोजनाले दुधको भुक्तानी नदिँदा गाईबस्तुलाई खुवाउने दाना, छोराछोरीको पठनपाठनका साथै घर व्यवहार चलाउनसमेत समस्या भएको बताएका छन्। 'गत असार महिनादेखि विराटनगर दुग्ध वितरण आयोजनाले किसानहरुलाई दुधको भूक्तानी दिएको छैन,' उनले भने, 'आयोजनाले एकातिर दुधको भुक्तानी दिइरहेको छैन भने अर्कोतिर दुध किन्न पनि छाडिसकेकाले किसान दाहोरो मारमा परेका छन्।'

अर्का किसान भरत तिम्सिनाले विराटनगर दुग्ध वितरण आयोजनाले इलामका किसानसँग यसअघि ६/७ हजार लिटर दुध दैनिक खरिद गर्दै आएको तर अहिले ६/७ सय लिटर पनि खरिद नगरिदिएको गुनासो पोखेका हुन्। 'ऋण लिएर गाईबस्तु खरिद गरेर दुध उत्पादन गर्दै आएको किसानहरु दुध बिक्री नहुँदा टाट पल्टिने अवस्थामा पुगेका छन्,' उनले भने, 'यसअघि बिक्री गरेको दुधको भूक्तानी नपाउनु, अर्कोतिर उत्पादित दुध नबिकेर गाईबस्तुका लागि दाना किन्न नसक्नुका साथै ऋणको किस्ता तिर्न निकै सकस परेको छ।'

उक्त छलफलमा विराटनगर दुग्ध वितरण आयोजनाका प्रमुख प्रमेश्वर चौधरीले किसानबाट संकलित भएको दुधबाट उत्पादित दुग्धजन्य पदार्थको बजारीकरणको अभावमा त्यसै थन्किएर राख्नुपरेकाले किसानलाई भूक्तानी दिन कठीनाइ भएको गुनासो पोखेका छन्। उत्पादित दुग्धजन्य पदार्थ भण्डारण गरेर लामो समय राख्दा लागत मूल्यमा वृधि भइरहेको उनले गुनासो पोखे। दुग्धजन्य पदार्थलाई निश्चित तापक्रममा राख्दा विद्युत खपत हुने गरेको छ।

# संविधान प्रदत्त अधिकार संघिय सरकारले हस्तान्तरण नगरे संघर्षमा उत्रिन्छौ : मख्यमन्त्री कार्की

सुनसरी। संविधान प्रदत्त अधिकार केन्द्रले हस्तान्तरण नगरे संघर्षमा उत्रिने कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले बताएका छन्।

सुनसरीको भोक्राहा नर्सिंहमा निर्माण गरिएको ४०० केभिएको विद्युत प्राधिकरणको सबस्टेशन उद्घाटन समारोहमा मुख्यमन्त्री कार्कीले प्रदेशलाई संविधानले दिएको अधिकार चाँडो हस्तान्तरण गरिदिन प्रधानमन्त्री पुष्पकमल दाहाललाई आग्रह गरेका हुन्।

'संविधानमा पाएको अधिकार हस्तान्तरण गरी तीनै तहको सरकारलाई सहकार्यका साथ काम गर्ने वातावरण बनाइ दिन प्रधानमन्त्रीलाई आग्रह छ, उनले भने, 'अधिकार हस्तान्तरण नगरिदिए सदन र सडकबाट संघर्ष गर्छु।'

विद्युतकै कुरा गर्दा संविधानले तोकेको २५ मेगावाट सम्मको विद्युत प्रदेशले नै उत्पादन गर्न सक्ने र लाइसेन्स दिन सक्ने अधिकार छ त्यो हामीले पाउनु पर्ने छ। उनले भने, 'त्यसकालागि संघीय सरकार र संघीय संसदसंग सहकार्य संघर्ष दुबै गर्नु पर्ने छ।'

सबस्टेसन उद्घाटन पछि कोशी प्रदेशमा रहेका उद्योग तथा व्यबसायीको उत्पादनमा ढुक्क हुने अवस्था आएको मुख्यमन्त्री कार्कीले बताए। निजि क्षेत्रलाइ उत्पादनमा अग्र स्थानमा राख्न सकिएमा विकासको गति बढ्ने बताउँदै कोशी सरकारले निजि क्षेत्रलाइ सहकार्य मात्रै नभई अभिन्नअङको रुपमा लिएको मुख्यमन्त्री कार्कीले बताए। 'निजी क्षेत्रलाइ सरकारको अभिन्न अंगको रुपमा लियो भने मात्र दिगो बिकास सम्भव छ।' उनले भने शिक्षा स्वास्थ्य तथा उत्पादनका हिसाबले सरकार पनि अघि बढ्नुपर्छ भनेर हामीले पनि सुरुवात गरिसकेका छौं।'

नेपाल सरकार र नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानिमा निर्नाण भएको सबस्टेसनको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गरेका हुन। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको सभापतित्वमा भएको कार्यक्रममा उर्जा जलस्रोत तथा सिंचाइ मन्त्री शक्ति बहादुर बस्नेत लगायतको उपस्थिति रहेको थियो।

बेटाबेटी मे भेदभाव नै करु, दोनोके स्कूल भेजु।

## बुद्धिजीवीहरू...

स्वीकार गर्न सक्दैन र पनि महिला स्वतन्त्रताको निम्ति हामी निरन्तर लडिरहनुपर्छ नै।

अन्ततः अझै हामी पितृ सत्तात्मक समाजमा नै छौं। हामी महिला र पुरुष समान हौं भनेर समानताको लागि लड्नु त छँदैछ र त्यसका लागि महिलाहरू शिक्षित, सक्षम र स्वनिर्भर हुन आवश्यक छ। यसका लागि राज्यसत्ताले उचित व्यवस्था गर्नैपर्छ। महिला सशक्तीकरण, हकअधिकार र स्वतन्त्रताको लागि ऐन, नियम, कानुन र नीति-निर्देशिका र त्यसको कार्यान्वयन पक्ष मूलतः महिलाकेन्द्रित हुन आवश्यक छ।

संविधानप्रदत्त हक-अधिकार प्राप्तिका लागि पनि संघर्ष गर्नैपर्ने बाध्यताले संविधान र ऐन-कानुन भएर मात्र हुँदोरहेनछ, यसको कार्यान्वयन पक्ष पनि उत्तिकै मात्रामा सशक्त हुनुपर्छ भन्ने सत्यको बोध भएको छ। वस्तुतः महिला सशक्तीकरणले महिला-पुरुष लगायत समग्र समाजलाई फाइदा पुऱ्याउँछ भन्ने सत्य नबुझ्दासम्म लैंगिक समानतायुक्त समाजको परिकल्पना गर्न सकिदैन।

अन्त्यमा प्रदीप ज्ञवालीद्वारा लिखित 'सांस्कृतिक रूपान्तर एक विमर्श' नामक पुस्तकमा उद्धृत कमला भासिनको शब्द सापटी लिएर भन्नुपरेको छ, 'महिला तथा पुरुषको मुक्तिको प्रक्रिया आपसमा अभिन्न र सम्बन्धित छ। हाम्रो समाजमा महिलाका लागि पितृसत्तात्मक पिंजडालाई तोडेर बाहिर आउन त्यति बेलासम्म गाह्रो छ, जबसम्म पुरुषले त्यस दिशामा आन्दोलन सुरु गर्दैनन्।

पितृसत्ता विरुद्ध पुरुषको आन्दोलन कुनै दयावान पितृत्व अन्तर्गत हुनुहुँदैन। स्वयम् आफ्नो मानवीय सम्मान र गरिमालाई पुनः दोस्रोपटक स्थापनाका लागि हुनुपर्छ। पुरुष स्वयंले आफ्नो सम्मान कसरी गर्न सक्छन्, यदि महिलाका लागि उनीहरूका मनमा कुनै सम्मान नै छैन भने ?'

लेखिका सेन्ट्रल नर्मल चाइना युनिभर्सिटीमा सोसल वर्कमा स्नातकोत्तर गरिरहेकी छन्। अनलाईन खबरबाट




## सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पञ्जिकाधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं।

ग्रामथान गाउँपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश